आज मिति २०८२ माघ १९ गते सोमबारका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख **श्री कालुमान लामा**को अध्यक्षतामा तपशील वमोजिमको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको उपस्थितिमा चालू आर्थिक वर्ष २०८२/०८३ को **दशौँ** नगर कार्यपालिका बैठक बसी निम्नानुसारको निर्णय गरियो-

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | |
| २ | श्री मणिका देवी दुलाल | नगर उपप्रमुख | |
| ३ | श्री सिताराम राई | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री हरिबहादुर खड्का | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री पर्शुराम राई | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री लुङ्गाराज राई | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री तुलसीराम ढकाल | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री अम्बरबहादुर खड्का | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री भगनाथकुमार मगर | ८ नं. वडा अध्यक्ष | |
| १० | श्री प्रकाश राउत | ९ नं. वडा अध्यक्ष | |
| ११ | श्री धर्मेन्द कुमार खड्का | १० नं. वडा अध्यक्ष | |
| १२ | श्री बलराम मगर | ७ नं. कार्यवाहक वडा अध्यक्ष | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री जयकुमार राई | कार्यपालिका सदस्य | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य | |
| १८ | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री काजीमान राई | सचिव | |

आमन्त्रीत उपस्थिती :

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नवराज बराल | शा.अ. ग्रामिण पुनुरुत्थान | |
| २ | रमिता पौडेल | | |
| ३ | कोपिला गिरी | परजीवन ज्ञान (एम.आई.एस.अ.) | |
| ४. | विजय जोशी | अधिकृतस्तर छैठौं<br>उद्यम विकास सहजकर्ता | |
| ५. | मुना राउत | वडा सचिव | |
| ६. | तारा कुमारी जोशी | वडा सचिव | |
| ७. | सन्तोष कुमार बस्नेत | वडा सचिव-४ | |
| ८. | चक्र प्रसाद आचार्य | कम्प्युटर अपरेटर | |
| ९ | मोहन कुमार राई | अधिकृत छैठौं | |
| १० | केशव बनजारा | ना.सु. | |
| ११ | नर बहादुर राई | रो.वि. वडा सचिव | |
| १२ | हिरा कुमार सापकोटा | विद्युत शाखा | |
| १३ | भोजराज अधिकारी | वडा सचिव-१ | |
| १४ | प्रकाशचन्द्र आचार्य | अमिन | |
| १५ | ओम प्रसाद लम्साल | अमिन | |
| १६ | अनुपमा खत्री | ना.प.से.प्रा. | |
| १७. | कविता परियार | का.कि.वि. | |

प्रस्तावहरु:-

१) अघिल्ला बैठकहरुको कार्यान्वयन समिक्षा सम्बन्धमा ।

२) भू- उपयोग योजना र भवन निर्माण आधार संहिता सम्बन्धमा ।

३) वाल मैत्री स्थानीय शासन घोषणा मिति सम्बन्धमा ।

४) वाल मैत्री स्थानीय शासन सूचकहरु कार्यान्वयन गर्ने सम्बन्धमा ।

५) वाल मैत्री डेस्क स्थापना गर्ने सम्बन्धमा ।

६) वाल मैत्री स्थानीय नगर समिति गठन सम्बन्धमा ।

७) स्वमुल्याङ्कन समिति गठन सम्बन्धमा ।

८) मागमा आधारीत कार्यक्रम सम्बन्धमा ।

९) वडाको सडक स्तरोन्नती कार्यको भुक्तानी सम्बन्धमा ।

१०) विविध

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिकाको मिति २०८२ पौष २४ गते बसेको यस आर्थिक वर्ष २०८२/०८३ को नवौं नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस नगरपालिकाको अठरौँ र उन्नाइसौँ नगर सभाबाट **भू-उपयोग योजना** र **भवन निर्माण आधार संहिता तयार गर्न**का लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो । बिनियोजित बजेटबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्नका लागि कार्यालयमा सूचीकृत परामर्शदाता संस्थासँग तोकिएको समयभित्र कार्य सम्पन्न गर्ने गरी कायदिश दिइएको थियो । परामर्शदाता कम्पनीहरुले द्विपक्षीय सम्झौताअनुसारको कार्य सम्पन्न गरी १/१ प्रति मस्यौदा प्रतिवेदन कार्यालयमा पेश गरेको छ । सो प्रतिवेदनहरु आजको बैठकमा पेश भइ छलफल हुँदा **भवन निर्माण आधार संहिता तयार** गर्नका लागि केही सूझावहरु दिइएको हुँदा सो सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश भएपश्चात नियमानुसार सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो । साथै भू-उपयोग योजनाको मस्यौदाको सम्बन्धमा परामर्शदाता संस्थाले पुनः सम्बन्धित वडामा सरोकारवालाको भेला गराइ अन्तिम भेरिफाइ गरी अन्तिम प्रतिवेदन पेश गर्ने गराउने निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को कार्यान्वयनमा ल्याई चौदण्डीगढी नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तहको रुपमा **वि. सं. २०८४ साल माघ मसान्तसम्म**मा बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तहको रुपमा घोषणा गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा चौदण्डीगढी नगरपालिकालाई बालमैत्री स्थानीय शासन सम्बन्धि सूचकहरु मापदण्डअनुरुप पूरा गरी बालमैत्री स्थानीय तहको रुपमा घोषणा गर्न बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुरुप बालमैत्री स्थानीय नगर समिति गठन गर्ने निर्णय गरियो । साथै बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले निर्धारण गरेका सूचकहरु तोकिएको मापदण्डअनुसार पूरा गर्ने प्रतिवद्धता समेत गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा चौदण्डीगढी नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बनाउनका लागि बालबालिका र बालमैत्रीसँग सम्बन्धित गतिविधीहरु प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नगरपालिकामा बालमैत्री डेस्क स्थापना गर्ने र सो डेस्क सञ्चालनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकाका शाखा प्रमुख श्री बविता परियारलाई तोक्ने निर्णय गरियो । साथै नगरपालिका क्षेत्रभित्र रहेका प्रहरी कार्यालयहरुमा समेत बालमैत्री डेस्क स्थापना गरी संचालनमा ल्याउन अनुरोध गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा चौदण्डीगढी नगरपालिकालाई बालमैत्री स्थानीय शासनसम्बन्धी सूचकहरु मापदण्डअनुरुप पूरा गरी बालमैत्री स्थानीय तहको रुपमा घोषणा गर्न बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुरुप तपशील वमोजिमको बालमैत्री स्थानीय नगर समिति गठन गर्ने निर्णय गरियो-

**तपशील**

| पद | नाम थर | प्रतिनिधित्व गरेको क्षेत्र |
|---|---|---|
| अध्यक्ष | श्री कालुमान लामा | नगर प्रमुख |
| उपाध्यक्ष | श्री मणिकादेवी दुलाल | नगर उपप्रमुख |
| सदस्य | श्री काजीमान राई | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | श्री सिता राम राई | १ नम्बर वडा अध्यक्ष |
| सदस्य | श्री हरिबहादुर खड्का | २ नम्बर वडा अध्यक्ष |

| | | |
|---|---|---|
| सदस्य | श्री पर्शुराम राई | ३ नम्बर वडा अध्यक्ष |
| सदस्य | श्री लुङ्गाराज राई | ४ नम्बर वडा अध्यक्ष |
| सदस्य | श्री तुलसीराम ढकाल | ५ नम्बर वडा अध्यक्ष |
| सदस्य | श्री अम्बरबहादुर खड्का | ६ नम्बर वडा अध्यक्ष |
| सदस्य | श्री भगनाथकुमार मगर | ८ नम्बर वडा अध्यक्ष |
| सदस्य | श्री प्रकाश राउत | ९ नम्बर वडा अध्यक्ष |
| सदस्य | श्री धर्मेन्द्र कुमार खड्का | १० नम्बर वडा अध्यक्ष |
| सदस्य | श्री बलराम मगर | ७ नम्बर कार्यवाहक वडा अध्यक्ष |
| सदस्य | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य |
| सदस्य | श्री जयकुमार राई | कार्यपालिका सदस्य |
| सदस्य | श्री माधव सार्की | कार्यपालिका सदस्य |
| सदस्य | श्री तिलावती राई | कार्यपालिका सदस्य |
| सदस्य | श्री सुस्मा राई | कार्यपालिका सदस्य |
| सदस्य | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य |
| सदस्य | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य |
| सदस्य | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य |
| सदस्य | श्री श्रीकान्त चौधरी | स्वास्थ्य शाखा प्रमुख |
| सदस्य | श्री सुरज कुमार कार्की | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख |
| सदस्य | श्री बबिता परियार | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| सदस्य | श्री केशव पौड्याल | खानेपानी तथा सरसफाइ टेक्निशियन |
| सदस्य | श्री जोरमाया राई | विद्यलय व्यवस्थापन समित /जनज्योती आ.वि. |
| सदस्य | श्री | स्वस्थ्य व्यवस्थापन समिति |
| सदस्य | श्री पुष्पा तामाङ | महिला शिक्षक प्रतिनिधि/ज्योती मा.वि., बेल्टार |
| सदस्य | श्री | महिला स्वास्थ्य स्वयम् सेविका प्रतिनिधि |
| सदस्य | श्री बिनय श्रेष्ठ | बाल संजाल प्रतिनिधि (बालक) |
| सदस्य | श्री सृष्टी चोपागाइँ | बाल संजाल प्रतिनिधि (बालिका) |
| सदस्य | श्री | महिला र बालबालिकाको क्षेत्रमा कार्य गर्ने संस्थाको प्रतिनिधि |
| सदस्य | श्री | |
| सदस्य | श्री प्रभात लक्सम लिम्बू | इलाका प्रही कार्यालय बेल्टराको इञ्चार्ज |
| सदस्य सचिव | श्री नवराज बराल | सामाजिक विकास शाखा प्रमुख |

**७.** प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा १४ मा भएको व्यवस्था वमोजिम स्वमूल्याङ्कन कार्यका लागि यस नगरपालिकाको कार्यालमा तपशील वमोजिमको समिति गठन गर्ने निर्णय गरियो-

**तपशील**

(क) संयोजक - प्रमुख प्रशासकीय अधिकृत
(ख) सदस्य - आर्थिक प्रशासन शाखा प्रमुख
(ग) सदस्य - सामाजिक विकास शाखा प्रमुख
(घ) सदस्य - पूर्वाधार विकास शाखा प्रमुख
(ङ) सदस्य - बन तथा बातावरण शाखा प्रमुख
(च) सदस्य सचिव - योजना शाखा प्रमुख

**आमन्त्रित सदस्य**

(छ) रोशन राज खतिवडा
(ज) चक्र प्रसाद आचार्य

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ का लागि मागमा आधारित प्रवर्दनात्मक कार्यक्रममा बिनियोजित रकमबाट तपशील वमोजिमको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो-

तपसील

| क्र. सं. | योजनाको नाम | स्थान | बिनियोजित बजेट | कार्यक्रम सञ्चालक |
|---|---|---|---|---|
| १. | साकेला थानमा शैचालय निर्माण | वडा नम्बर ५ | १५०,०००/- | उपभोक्ता समिति |
| २. | सडक बत्ती जडान | नगरपालिका क्षेत्रभित्र | १०,००,०००/- | कोटेशनमार्फत् |

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाको १८ औँ नगरसभाबाट चालू आ. व. २०८२/८३ लाई भौतिक पूर्वाधार वर्षको रुपमा मनाउने मुख्य नीति तथा कार्यक्रम अनुरुप यस नगरपालिकाभित्र रहेको विभिन्न नदी तथा खोलाहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गरी राष्ट्रपति चुरे संरक्षण कार्यालयबाट स्वीकृत गरिएको सिमाभित्र रहि नदीजन्य पदार्थहरु प्रयोग गरी नगरवासिहरुको आवत जावत र सवारी आवागमनमा सहजता ल्याउन, आवश्यक सामाग्रीको ढुवानी र उत्पादित सामाग्रीको बजारिकरणको प्रवर्द्धन गर्न विभिन्न वडाहले विभिन्न सडकहरु स्तरउन्नती कार्य सम्पन्न गरी प्राविधिकले स्थलगत रुपमा निरिक्षण गरी तयार गरिएको नापी किताब, सडक विभागको नर्म्स अनुसार पेश गरिएको इन्धन, सवारी लगबुक, सवारी साधनको भाडा र अनुगमन समितिको प्रतिवेदनअनुसार तपसीलको रकम भुक्तानी गर्ने निर्णय गरियो-

तपसील

| वडा नं. | जम्मा कार्य (घ.मी.) | लम्बाई (मी.) | ईन्धन खर्च | डोजर भाडा | टिप्पर भाडा | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| २ | ४१८२.५८४ | ७८११ | ४९५९०० | २५१५३७ | १४४००० | ८९१४३७ |
| ३ | ११४६.१८ | २१३५ | २३५००१.२४ | - | - | २३५००१.२४ |
| ४ | ११४७८ | १९१८७ | १५७०३५० | ७१६६४६ | ७१८६८० | ३००४६७६ |
| **जम्मा** | **१६८०६.७६४** | **२९१३३** | **२३०१२५१.२४** | **८६८१८३** | **८६२६८०** | **४१३१११४.२४** |

## १०. विविध

यस नगरपालिकाअन्तर्गत विभिन्न वडा कार्यालयबाट विपन्न नागरिकको औषधी उपचारको लागि, विपन्न नागरिक घर मर्मतत संभारको लागि जस्ता पाता, सिंचाईको लागि पानी तान्ने मोटर तथा अन्य आर्थिक सहायता उपलब्ध गराउन सिफारिस भई आएको हुँदा तपशील वमोजिम भुक्तानी तथा सामाग्री उपलब्ध गराउने निर्णय गरियो-

**(क) जस्तापाता सहायता**

| क्र. सं. | विरामीको नाम ठेगाना | निर्णय जस्तापाता | भुक्तानी शिर्षक |
|---|---|---|---|
| १. | कल्पना लिम्बु, चौदण्डीगढी- ८ | ४ बन्डल जस्ता रंगिन | विविध कार्कक्रम खर्च |
| २. | बौदध बहादुर राई, चौदण्डीगढी- ८ | २ बन्डल जस्ता पाता सादा | विविध कार्कक्रम खर्च |

**(ख) अन्य आर्थिक सहायता**

| क्र. सं. | नाम ठेगाना | सामान/ निर्णय रकम | भुक्तानी शिर्षक |
|---|---|---|---|
| १. | राम बहादुर परियार, चौदण्डीगढी- १० | २ इन्चको पानी तान्ने मोटर | |
| २. | श्री राधाकृष्ण मन्दिर व्यबस्थापन समिति, त्रि. न. पा. १० | रु. ५०,०००।- | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| ३. | श्री माध्यामिक विद्यालय, चौदण्डीगढी- ३ | रु. २०,०००।- | अन्य सामाजिक सहायता |

Sangam®

| | | | |
|---|---|---|---|
| ४. | श्री जनता आधारभुत विद्यालय, चौदण्डीगढी- १ | ७.५ मिटर *४.५ मिटर कार्पेट, ७.५ मिटर *४.५ मिटर म्याट्रेस, १ बन्डल जस्तापाता र १५ वटा चकटी | विविध कार्कक्रम खर्च |
| ५. | याम बहादुर भुजेल, चौदण्डीगढी- ४ | रू. १५०००।- | अन्य सामाजिक सहायता |
| ६. | बेल्टार र बसाहा क्लवबाट इटहरीमा सञ्चालन हुने ब्याडमिण्टन खेलमा सहभागी हुन जान | रु. ५०,०००।- | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| ७. | नारदमुनी गोल्ड कप प्रतियोगिता सञ्चालन गर्न थप | रु. १००,०००।- | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |

(ग) चालू आर्थिक वर्ष २०८२/०८३ का लागि कृषी विकास शाखामार्फत् सञ्चालन हुने गरी साना सिँञ्चाइ प्रवर्दन कार्यक्रम शीर्षकमा बिनियोजन भएको **रु. २००,०००/-** बाट कृषकहरुको मागका आधारमा कृषकहरुको ५० प्रतिशत लागत साझेदारीमा १.५ HP को कृषी मोटर खरिद गरी बितरण गर्ने निर्णय गरियो ।

(घ) यस नगरपालिकाको तपशील वमोजिम बिबरण रहेको व्यक्तिको निजी नाममा दर्ता कायम रहेको जग्गालाई खेतीयोग्य जग्गामा परिणत गर्ने क्रममा निस्कने ग्रावेल, ढुङ्गा, गिट्टी तथा अन्य निर्माण सामग्रीलाई बेचविखन गर्न सकिने कानूनी व्यवस्था कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२को अनूसूची-६ मा रहेको छ । उल्लिखित व्यवस्था वमोजिम तपशील वमोजिमका व्यक्तिहरुले स्थानीय सरकार संचालन ऐनको दफा ६२, वातावरण संरक्षण नियमावली २०७७ को दफा ७ को उपदफा ५ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको खण्ड (क) अन्तर्गत पर्ने अनुसूची -१० वमोजिम तयार भइ पेश हुन आएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन (IEE)लाई स्वीकृत गर्ने निर्णय गरियो-

**प्रस्तावकको नाम : बेल्टारे निर्माण सेवा**

| क्र.सं. | वडा नम्बर | जग्गाधनीको नाम | कित्ता नम्बर | B.E.S/EE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ९५% (मि²) | औसत गहिराई (मी.) | मौजुदा परिमाण/ वर्ष (घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको ७०% (घ.मी.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ४ | पदम तामाङ | ९ ट ९९ | ०-५-५ | ज.बि. | १४२२.२४ | १.१० | १५६४.४६ | ढुङ्गा | ३९१.१२ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण बमोजिम दैनिक उत्खनन् गर्न सकिने परिमाण रहेको छ । उत्खननका लागि राजश्व शाखामा ३९१.१२ घनमिटरको नियमानुसार राजश्व दाखिला गरेपश्चात उत्खनन् अनुमति प्रदान गर्ने निर्णय गरियो ।

(ङ) यस नगरपालिकाको नगर प्रहरीको स्वीकृत दरबन्दीमा कार्यरत श्री सुमित कुमार रायले कार्यालयमा पेश गर्नु भएको राजिनामासम्बन्धी निवेदन कार्यालयबाट स्वीकृत भइ सकेको हुनाले सो रिक्त पदमा नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधिमा व्यवस्था भए वमोजिम यस नगरपालिकाको वडा नम्बर ३ निवासी भूतपूर्व सूरक्षाकर्मी श्री शङ्कर तामाङलाई दैनिक **रु. ८५०/-** मा नबढ्ने गरी दैनिक ज्यालादारीमा कामकाज गराउने निर्णय गरियो ।

च) यस नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुमा रहेको शिक्षकहरुको दरबन्दी मिलान तथा पदस्थापना सम्बन्धी आवश्यक अध्ययन गरी काज सरुवा भएका र सम्भावित दरबन्दी व्यवस्थापन सम्बन्धी अध्ययन गरी आवश्यक सुझाव सहित प्रतिबेदन पेश गर्न तपशिल बमोजिमको दरबन्दी मिलान समिति गठन गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिलः

श्री सुरज कुमार कार्की शिक्षा शाखा प्रमुख - संयोजक
श्री दिनेश खड्का प्र.अ. श्री थानपोखरी मा. वि. - सदस्य
श्री नारदमणी बस्नेत प्र.अ. श्री जन विकास मा. वि. - सदस्य
श्री रीत बहादुर मगर प्र.अ. श्री सरस्वती मा. वि. - सदस्य
श्री दोर्णराज दाहाल प्र.अ. श्री सिंहदेवी मा. वि. -सदस्य